

**के तपाईको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३३६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस १२ गते शुक्रबार ❑ 27 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## सिचुवान एयरबाट प्रवर्द्धनात्मक उडान

**पोखरापत्र संवाददाता**

पोखरा ११ पुस

पोखरा अन्तर र्राष्ट्रिय विमानस्थलदेखि काठमाडौँको त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थलमा सिचुवान एयरलाइन्सको विमानबाट बिहीबार प्रवर्द्धनात्मक उडान गरिएको छ ।

पोखराबाट प्रदेश सरकारका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्याल, उच्च पदस्थ कर्मचारी, पर्यटन व्यवसायी तथा सञ्चारकर्मीसहित एक सय २६ यात्रु बोकेर 'एयरबस ३१९' काठमाडौँ अवतरण गरेको हो ।

यसअघि बिहान चीनको छेन्दुबाट एक सय २९ यात्रु बोकेर पोखरा अवतरण गरेको सिचुवान एयरलाइन्सले पोखराबाट यात्रु बोकेर काठमाडौँ उडान भरेको हो। यससँगै पोखरामा पहिलोपटक एयरबस पूर्ण क्षमतामा उडान र अतवरण भएको छ । प्रवर्द्धनात्मक उडानपछि त्रिभुवन विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा नेपाल नागरिक उड्डयन प्राधिकरणका



महाप्रवन्धक प्रदीप अधिकारीले पोखरा विमानस्थलबाट विमानहरुलाई अन्तर्राष्ट्रिय उडान अवतरणमा कुनै समस्या नरहेको बताउनुभयो।

विमानस्थलको धावनमार्ग र नजिकको डाँडाका कारणले ठूला आकारका जहाज सञ्चालनमा समस्या हुने दावीलाई प्रवर्द्धनात्मक उडानले गलत सावित गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "पोखरामा एयरबस जुनसुकै राम्रोसँग उडान र अतवरण गर्न समस्या छैन भन्ने पुष्टि भएको छ । अब नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालनका लागि सरकारी र निजी क्षेत्रको सामूहिक पहल आवश्यक छ ।" अधिकारीले सरकारले अरबौँ लगानी गरेर पूर्वाधार तयार गरेकाले विमानस्थल सञ्चालनका लागि निजी क्षेत्रले समेत अग्रसरता लिनुपर्ने बताउनुभयो ।

नेपाल टुर्स एण्ड ट्राभल्स एजेन्टस् एशोसिएशन (नाटा) गण्डकीका अध्यक्ष किशोर दाहालले पोखरा विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नहुँदा पर्यटन क्षेत्र मारमा परेको बताउनुभयो । प्रवर्द्धनात्मक उडानले पोखरामा ठूला आकारका जहाज उडान र अवतरणमा कुनै पनि समस्या नरहेको स्पष्ट भएको उहाँले बताउनुभयो । पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले सरकारले छिमेकी देशहरु तथा खाडी मुलुकहरुमा अन्तर्राष्ट्रिय उडानका लागि पहल गर्नुपर्ने बताउनुभयो । पहारीले भन्नुभयो, "अन्तर्राष्ट्रिय उडान अहिलेसम्म सञ्चालन नहुँदा विमानस्थललाई हेरेर लगानी गरेका पर्यटन व्यवसायी समस्यामा छौँ । ठूलो धनराशी खर्च गरेर बनाएको विमानस्थल व्यावसायिक सञ्चालन हुनुपर्दछ। सरकारले अन्तर्राष्ट्रिय उडानका लागि पहल गर्नु आवश्यक छ।"

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल चीन सरकारको सहुलियतपूर्ण ऋण सहयोगमा निर्माण गरिएको हो। विमानस्थल विसं २०७९ पुस १७ गते उद्घाटन भए पनि हालसम्म नियमित अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन । यहाँका पर्यटन व्यवसायी तथा निजी क्षेत्रले अन्तर्राष्ट्रिय उडान नियमित रुपमा सुरु गर्न सरकारसँग निरन्तर माग गरिरहेका छन् । विमानस्थलमा कहिलेकाँही चार्टर उडान भएपनि व्यावसायिक उडान हुन सकेको छैन ।

## पोखराबाट चार्टर्ड फ्लाईट बढाउन क्यानको सुझाव

**पोखरापत्र संवाददाता**

पोखरा ११ पुस



नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का महानिर्देशक ई.प्रदिप अधिकारीले पोखरा अन्तराष्ट्रिय विमानस्थल संचालन गर्ने बिषयमा पोखरेलीलाई कालिदास नवन्न आग्रह गर्नु भएको छ।

नाट्टा गण्डकीले बुधबार पोखराको टिका रिसोर्टमा आयोजना गरेको पोखरा विमानस्थलबाट नियमित अन्तर र्राष्ट्रिय उडान शिघ्र संचालन सम्बन्धमा आयोजित छलफल कार्यक्रममा वोल्दै उनले पोखरा विमानस्थल निर्माण भई नेपाल सरकारलाई हस्तान्तरण भई सकेको बिषयमा अनावश्यक तर्क कुर्तक नगर्न सुभाव दिदै कालिदास नवन्न पोखरेलीलाई आग्रह गर्नु भएको हो । नेपाल एयरलाइन्स र हिमालयन एयरलाइन्सको ४/४ गरी जम्मा ८ वटा अन्तराष्ट्रिय हवाई उडान गर्ने जहाज भएका कारण पोखरामा चाहेर पनि नियमिति रुपमा अन्तराष्ट्रिय हवाई उडान गर्न नसकेको क्यानले जनाएको छ। पोखराबाट न्यारो वडि (सानो तथा मझौला जहाज) उडान गर्न सकिने ४/५ घण्टा दुरीमा पर्ने देशहरुबाट हाल पोखरेलीले चार्टर्ड फ्लाईट गर्न महानिर्देशक अधिकारीले सुझाव दिनु भयो । क्यानले हाल चाहेर पनि पोखराबाट अन्तराष्ट्रिय हवाई उडान गर्न नसकेको बताउदै विभिन्न देशका एयरलाइन्स कम्पनीहरुलाई आकर्षण गर्न सुरुमा पोखरेलीले एक पटक खर्च गरेर चार्टर्ड फ्लाईट गर्न उहाँले सुझाव दिनुभयो । पोखरा र भैरहवाको विमानस्थल राज्यलाई आवश्यक भयर विमानस्थल निर्माण भएको तर यसलाई उचित ढंगले व्यबस्थापन गर्न नसक्दा काठमाण्डौं केन्द्रिय हुँदा एयर ट्राफिक बढी भएको महानिर्देशक अधिकारीले बताउनुभयो ।

पोखराले कुल ग्राहस्थ उत्पादनमा कति योगदान दिएको छ त्यसको आधारमा पोखराबाट अन्तराष्ट्रिय हवाइ उडानको लागि राज्यसंग उडान गर्न पोखरेलीले माग गर्नुपर्ने उहाँको आशय थियो । नेपाल नागरिक उड्डयन प्राधिकरणका उप-महानिर्देशक हंशराज पाण्डेले वायु सेवा निगमहरूलाई विसोश्त पार्नु चुनौती रहेको बताउनु भयो। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलले देशमा ठुलो आर्थिक भार पर्न थालेकोले नियमित अन्तर्राष्ट्रिय उडान गर्नुपर्ने उहाँले बताउनु भयो। क्यानका अर्को उप महानिर्देशक देवचन्द्रलाल कर्णले हिमालयन एयरले मार्च देखि पोखरा देखि लासासम्मको हवाई उडान गर्ने बताउनु भयो । चिनको सिचुवान एयरलाइन्सलाई समेत पोखराबाट अन्तराष्ट्रिय उडान गर्न पहल गर्ने उहाँले बताउनु भयो । नाट्टाका पूर्व अध्यक्ष वासुदेव त्रिपाठीले सबैको रोजाई पोखरा भएकोले यस क्षेत्रमा प्रयाप्त अन्तर्राष्ट्रिय हवाई उडानको लागि यात्रु हुने दाबी गर्नुभयो।

पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारीले दुवई र कतारमा पोखराबाट अन्तर र्ष्ट्रिय हवाई उडानको सम्भावना भएको दाबी गर्नु भयो । पोखरा पर्यटन परिषदका निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरेलीहरूको धेरै सघर्ष गरेर बिमानस्थल निर्माण भए पनि

बाँकी अन्तिम पृष्ठमा ▶▶

## रिजल्ट आउने गरि काम गर्न कर्मचारीलाई मन्त्री थापाको निर्देशन

**पोखरापत्र संवाददाता**

पोखरा ११ पुस

गण्डकी प्रदेशका सामाजिक, विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले रिजल्ट आउने गरि काम गर्न कर्मचारीलाई निर्देशन दिएका छन् । विहिबार मन्त्रालय मातहतको ११ वटै जिल्लाको सामाजिक विकास कार्यालयहरुको कार्यगत प्रगतिको विषयमा जुम मार्फत बुझ्दै मन्त्री थापाले कार्यालयका प्रमुख सँगै मन्त्रालयका कर्मचारीलाई रिजल्ट आउने गरि काम गर्न निर्देशन दिएका हुन् ।

"मन्त्रालय मातहतका सबै निकायले गरेका कामहरुको फेहरिस्त चाहियो। प्रदेश सरकारको कामलाई जनताले अपनत्व गर्ने गरि काम गर्नुस् । वित्तिय र भौतिक प्रगतिले नागरिकलाई लाभ मिल्नुपर्यो ।", उनले भने। मन्त्री थापाले स्थानीय सरकारसँग समन्वय गर्दै काम गर्न मन्त्रालयका कर्मचारीलाई निर्देशन दिएका छन् । प्रदेशसँग



जति अधिकार छ त्यति नै प्रयोग गरि जनताका आकांक्षा पुरा गर्न कर्मचारीलाई उनले भनेका छन् । "समस्या अवश्य छन् तर त्यसको समाधानको बाटो पनि छ। जति अधिकार छ त्यति नै प्रयोग गरि काम गर्नुस् । जनतालाई सहज हुने बाटोमा आएका समस्यालाई चिर्न म तपाईहरुको साथमा छु।", उनले भने। मन्त्री थापाले बेरुजु नआउने गरि काम गर्ने कुरामा जोड दिएका छन् । उनले प्रदेश सरकारको समाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका गतिविधिहरुको प्रचारप्रसारमा समेत ध्यान दिन कर्मचारीलाई निर्देशन दिएका छन्। "काम गरेर मात्रै पनि हुँदैन। भएका भौतिक तथा वित्तिय प्रगतिका बारेमा नागरिकलाई जानकारी हुन पर्यो। प्रचारप्रसारमा समेत ख्याल गरौं।", उनले भने। उनले पुरानो धारबाट भन्दा पनि नयाँ शैली अप्नाएर काम गर्न कर्मचारीलाई भनेका छन् । मन्त्रालयका सचिव राजेन्द्र देव पाण्डेले प्रदेशको महत्वपूर्ण मन्त्रालय सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय भएको र सन्तोषजनक काम हुने गरि अगाडि बढ्न ११ जिल्लाका सामाजिक विकास कार्यालयका प्रमुखहरुलाई निर्देशन दिएका छन् । आर्थिक वर्षको ६ महिना मात्रै बाँकी भएकाले काम गुर्नपर्ने आवश्यकतालाई उनले औंल्याएका छन् । सामाजिक विकास कार्यालयमा देखिएको कर्मचारी अभावको विषयमा छलफल भइरहेको र त्यसको पूर्ति हुने गरि मन्त्रालय अगाडि बढेको उनले बताए । उपसचिव तोयानाथ लम्सालले विगत भन्दा वर्तमान अवस्थामा मन्त्रालयको काम अगाडि बढेको उल्लेख गरे। स्थानीय तहसँग साझेदारी मोडलमा काम गर्दै अगाडि बढ्न सामाजिक विकास कार्यालयहरुलाई उनले आग्रह गरेका छन् । प्रदेशको ११ वटै जिल्लाका सामाजिक विकास कार्यालयका प्रमुखहरुले भएको कामको वित्तिय एवम् भौतिक प्रगतिका बारेमा जानकारी गराएका थिए । साथै उनीहरुले काम गर्दै जाँदा देखिएका समस्या खुलाएका थिए।

## सूर्यदर्शन सहकारी ठगीका प्रतिवादीहरुको बयान जारी

**पोखरापत्र संवाददाता**

पोखरा ११ पुस

पोखराको सूर्यदर्शन सहकारीको बचत रकम अपचलन मुद्दाका आरोपी राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेसहित पाँच प्रतिवादीलाई बयानका लागि अदालतमा गराइएकामा प्रतिवादी लीला पछाइको बयान जारी रहेको छ।

उक्त मुद्दाका अर्का प्रतिवादी छविलाल जोशीको बयान मङ्गलबार सकिएपछि सोही दिनदेखि पछाइको बयान सुरु गरिएको थियो । बुधबार सार्वजनिक बिदाका कारण बयान रोकिएपछि आजदेखि पुनः उहाँको बयान सुरु भएको कास्की जिल्ला अदालतका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिनुभयो।

जिल्ला न्यायाधीश नीतिज राईको इजलासमा उक्त मुद्दाका प्रतिवादीहरुको बयान भइरहेको हो । पछाइको बयान सकिएपछि इजलासले तोकेअनुसार अर्का प्रतिवादीको बयान सुरु हुने सूचना अधिकारी अधिकारीले बताउनुभयो । सहकारी ठगी मुद्दामा लामिछाने, जोशी, पछाइ, कृष्णबहादुर गुरुङ र रामबहादुर खनाललाई बयानका लागि गत सोमबार अदालतमा उपस्थित गराइएको थियो । सबै प्रतिवादीहरुको बयान सकिएपछि मात्र थुनछेकको बहस र आदेश हुने अदालतले जनाइएको छ। गत आइतबार जिल्ला सरकारी वकिलको कार्यालय, कास्कीले सहकारीको रकम अपचलनको आरोपमा रास्वपा सभापति लामिछानेसहित ४४ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । लामिछानेमाथि सहकारी ठगीसँगै सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण कसुरमा मुद्दा दायर भएको छ। सरकारी वकिलको कार्यालयले सूर्यदर्शन सहकारीको रकम ठगी प्रकरणमा अहिलेसम्म ६३ जनाविरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा दायर गरिएको जनाएको छ । लामिछानेसहित १९ जनाविरुद्ध सङ्गठित अपराधमा मुद्दा चलाइएको जिल्ला सरकारी वकिलको कार्यालय, कास्कीका सहायक जिल्ला न्यायाधिवक्ता शान्तिदेवी शर्माले जानकारी दिनुभयो । यस्तै लामिछानेसँगै खनाल, जोशी र पछाइविरुद्ध सम्पत्ति शुद्धीकरणमा पनि मुद्दा दायर गरिएको सरकारी वकिलको कार्यालयले जनाएको छ। सहकारी ठगीका आरोपित अन्य व्यक्तिलाई पनि कसुरअनुसारको बिगो र सजायको मागसहित मुद्दा दर्ता गरिएको छ । सूर्यदर्शन सहकारीको बचत रकम अपचलन गरेको आरोपमा सभापति लामिछाने गत कात्तिक २ गते काठमाडौँबाट पक्राउ पर्नुभएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# पोखरामा माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता शुरु

**पोखरापत्र संवाददाता**
पोखरा ११ पुस

कास्की जिल्ला टेनिस संघको आयोजनामा बिहीबारदेखि पोखरामा माछापुच्छ्रे २१ औं संस्करणको माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता शुरु भएको छ।

गण्डकी प्रदेशका सामाजिक विकास मन्त्री बिन्दुकुमार थापाले एक समारोहका बिच टुर्नामेण्ट डाइरेक्टर कुमार अधिकारी र प्रतियोगिता संयोजक नविन चालिसेलाई टेनिस बल हस्तान्तरण गर्दै प्रतियोगिताको उद्घाटन गर्नुभयो। सो अवसरमा मन्त्री थापाले पोखरामा टेनिस खेलले महत्वपूर्ण उपलब्धीहरु हाँसिल गरेको भन्दै यो खेलको विकासका लागि मन्त्रालयको तर्फबाट सक्दो सहयोग उपलब्ध गराउने बताउनुभयो। मन्त्रालयले यसअघि ५ लाख रुपैयाँ सहयोग उपलब्ध गराउने निर्णय गरेको बताउँदै थप ५ लाख रुपैयाँ सहयोग गर्ने उहाँको भनाई थियो। खेलाडी राष्ट्रका गहना भएकाले राष्ट्रले खेलाडीको सम्मान गर्नुपर्ने मन्त्री थापाले बताउनुभयो।



सो अवसरमा बोल्दै राष्ट्रिय खेलकुद परिषद् गण्डकीका सदस्य सचिव श्रीधर शर्माले खेलाडीको सम्मानका लागि राष्ट्रले खेल क्षेत्रमा राम्रो बजेट विनियोजन गर्नुपर्नेमा जोड दिनुभयो। नेपाल टेनिस संघका उपाध्यक्ष विनोद कायस्थले यो प्रतियोगिता नेपालमा सञ्चालित विभिन्न प्रतियोगिताहरुमध्ये लामो समयसम्म निरन्तर आयोजित प्रतियोगिता मध्य एक भएको बताउँदै यसले आगामी दिनहरुमा निरन्तरता पाउनुपर्नेमा जोड दिनुभयो। संघका अध्यक्ष राजकुमार गुरुङ्गले प्रतियोगिता आयोजनामा सहयोग गर्ने सहयोगीहरुलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि सहयोगीहरुबाट संघले यस्तै अपेक्षा राखेको बताउनुभयो। आयोजक संघका उपाध्यक्ष नविन चालिसेले पोखरामा टेनिस खेलको विकासमा निजी क्षेत्रबाट उल्लेख्य सहयोग प्राप्त भएको बताउँदै यो खेललाई अगाडी बढाउन अब सरकारी सहयोगको पनि खाँचो रहेको जनाउनुभयो। सचिव भिष्मराज पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रम हालै बहराइनमा सम्पन्न डेभिज कपमा नेपाललाई एशिया ओशियाना क्षेत्रमा डिभिजन ५ बाट ४ मा पुर्याउने खेलाडीहरु अभिषेक बाँस्तोला, प्रदीप खड्का, रितिक राना, प्रणव मानन्धर, प्रणव खनाल तथा टिम व्यवस्थापक गोपाल ज्ञवालीलाई सम्मान गरिएको थियो। त्यसैगरि पोखरा टेनिस कम्प्लेक्सभित्र टेनिस कोर्ट निर्माण गरेका हेम गुरुङ्ग, किरण केसी, उत्तम लामा, बिमल बसेल, हङकङ नेप्लीज टेनिस सोसाइटी, सहयोगी नेपाली घरका राजु श्रेष्ठ लगायतलाई सम्मान गरियो। यसैविच प्रतियोगिताको पहिलो दिन भएका खेलहरुमा मेन्स सिङ्गलमा निहाल जंगबहादुर थापाले विष्णु नेपालीलाई ६-१,६-१ ले, शास्वत बज्राचार्यले नविन पाइजालाई ७-५,६-४ ले तथा दावा सोनाम शेर्पाले सोमभ्ष श्रेष्ठलाई ६-०,६-२ ले पराजित गरे। आरब हाडाले बोरिस अधिकारीबाट वाकओभर पाए। ४५ वर्ष माथिको मेन्स सिङ्गलमा पोखराका भिष्मराज पौडेलले बुटवलका मनोज नेपाललाई ६-१, ६-३ ले, विकास गुरुङले माधव भण्डारीलाई, बलराम सापकोटाले दोर्जे लामालाई, हेमराज ढकालले मनोज ढुङ्गानालाई, हर्क गुरुङले विज्ञान प्रधानलाई पराजित गरे। त्यसैगरी मेन्स ३५ वर्षमाथिको सिङ्गलतर्फ विकास गुरुङ हङकङले प्रकाशराज वाग्लेलाई, प्रकाश गुरुङले सविन श्रेष्ठलाई, गगन महर्जनले मनोज महर्जनलाई, भीष्म गुरुङले हर्षवर्धन रावलाई, डा.मदन थापाले डा. देव थापालाई, मच्छिन्द्र थापाले विष्णु थापालाई, हेमचन्द्र गुरुङले समीर शेरचनलाई, राजकुमार गुरुङले विष्णु चापागाईंलाई, नारायण पहारीले वीरेन्द्र लामालाई पराजित गर्दै दोश्रो चरणमा स्थान बनाएका छन्।

# शिक्षासेवी वसन्त तिमिल्सीनाद्वारा दुई लाख रुपैयाको अक्षयकोष स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा ११ पुस

शिक्षासेवी वसन्त तिमिल्सीनाले बाटुलेचौरस्थित विन्ध्यवासिनी माध्यमिक विद्यालयमा अक्षयकोष स्थापना गर्नुभएको छ।

पोखरा १६ बडहरवोट निवासी तिमिल्सीनाले आफ्ना स्वर्गीय पिता तोयनाथ, भाई श्याम र दिदी ताराको स्मृतिमा नगद दुई लाख रुपैयाको तोयनाथ,श्याम, तारा स्मृति अक्षयकोष स्थापना गर्नुभएको हो। विहीवार विद्यालयमा आयोजित कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पुर्व अध्यक्ष नरनाथ भट्टराई, विन्ध्यवासिनी क्याम्पसका पुर्व प्रमुख नरहरि भट्टराइको उपस्थितीमा तिमिल्सीनाले नगद २ लाखको चेक विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद आचार्यलाई हस्तान्तरण गर्नुभयो। कार्यक्रममा वोल्दै अक्षयकोषदाता तिमिल्सीनाले आफ्ना पिताजीले लामो समय शिक्षण कार्यमा विताएको स्मरण गर्दै, उहाँको योगदानलाई चीर स्थायी वनाउन कोष स्थापना गरेको बताउनुभयो। पोखरा एकेडेमी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेत रहनु भएका उहाँले आगामी दिनमा पनि अन्य विद्यालयमा पिताको स्मृतिमा अक्षयकोष स्थापना गर्ने योजना रहेको सुनाउनुभयो।




विद्यालयका प्रधानाध्यापक आचार्यले शैक्षिक क्षेत्रमा तिमिल्सीनाको योगदान अतुलनिय रहेको बताउँदै, कोष स्थापनाले शैक्षिक विकासमा ईटा थप्ने बताउनुभयो। कार्यक्रममा अक्षयकोष दाताका रुपमा तिमिल्सीनाका धर्मपत्नी शारदा वराल तिमिल्सीना, माधव तिमिल्सीना, रामचन्द्र तिमिल्सीना, पुनम शर्मा, प्राध्यापक कृष्णचन्द्र भट्टराइ, विद्यालय व्यवस्थापन समितिका सदस्य सन्दीप थापा, विमला अधिकारी, सहायक प्रधानाध्यापक राम वहादुर वाँनिया लगायतले अक्षयकोषवाट प्रदान गरिने पुरस्कारले शिक्षक शिक्षिकाको मनोवल थप बढ्ने बताए।

सो अक्षयकोषवाट प्राप्त व्याजले प्रत्येक वर्ष त्यस विद्यालयका उत्कृष्ट २ जना शिक्षक शिक्षिकालाई नगद पुरस्कार सहित सम्मान गरिने वताईएको छ। विभिन्न सामाजिक संघ संस्थाको नेतृत्व गरिसक्नु भएका तिमिल्सीनाले सामाजिक क्षेत्रमा समेत सहयोग गर्दै आईरहनु भएको छ।

# पोखरा १५ मा बृहत खेलकुद महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा ११ पुस

पोखरा वडा नं. १५ कार्यालयले आगामी माघ २ गतेदेखि बृहत खेलकुद महोत्सव गर्ने भएको छ। वडा कार्यालयले आयोजना गरेको खेलकुद महोत्सवको यो तेस्रो संस्करण हो।

माघ ६ गतेसम्म पाँच दिन चल्ने प्रतियोगितामा फुटबल, भलिबल, ब्याडमिन्टन, ह्वीलचेयर क्रिकेट, रस्साकसी, दौड, साइक्लिङ, युनी हक्की लगायतका खेलमा प्रतिष्पर्धा हुने खेल महोत्सव संयोजक एवं वडा सदस्य आशिष भण्डारीले जानकारी दिए। 'राष्ट्रिय गरिमा र सामाजिक रूपान्तरणको लागि खेलकुद' भन्ने नाराका साथ हुने खेलकुद महोत्सवमा विगतका संस्करण भन्दा खेल संख्या र पुरस्कार राशीमा वृद्धि गरिएको छ। वन विज्ञान अध्ययन संस्थान पोखराको खेल मैदानका साथै वडा स्थित विभिन्न संघसंस्थाका खेलकुद स्थलमा प्रतियोगिता सञ्चालन हुनेछ। वडा अध्यक्ष तोरणबहादुर बानियाँले वड़ा खेलकुद महोत्सवको अवधारणा स्थानीय तहमा खेलकुदको माध्यमवाट समुदायको सर्वाङ्गिण विकास गर्न केन्द्रित रहेको बताए। 'खेलकुद मनोरञ्जन वा प्रतिस्पर्धा मात्र नभई शारीरिक र मानसिक स्वास्थ्य सुधार, सामाजिक रूपान्तरण र समावेशीकरणको प्रभावकारी माध्यम हो।' वडाध्यक्ष बानियाँले भने- 'यो महोत्सवले स्थानीय स्तरमा खेलकुदको महत्वलाई




स्थापित गर्न तथा समुदायमा सकारात्मक सोच र अनुशासनको विकास गर्न योगदान पुर्‍याउने ठानेका छौं। स्थानीय युवाहरूलाई सकारात्मक क्रियाकलापमा सक्रिय गराउनुका साथै उनीहरूको प्रतिभा पहिचान र विकास गर्दै राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमताको निर्माण गर्ने यसको मुख्य उद्देश्य रहेको बानियाँले बताए। विभिन्न समुदायबीच आपसी सद्भाव, सहयोग र सहिष्णुतालाई प्रवर्द्धन गर्दै समावेशी समाजको निर्माणमा महत्वपूर्ण योगदान दिने लक्ष्य पनि लिइएको छ। खेल संयोजक आशिष भण्डारीले स्थानीय प्रतिभाहरूको पहिचान गरी तिनीहरूको क्षमता विकास गर्दै राष्ट्रिय अन्तर्राष्ट्रिय खेलमा सहभागी गराउन विगत तीन वर्षदेखि प्रतियोगिता आयोजना गर्दै आएको बताए। 'अघिल्ला वर्षहरुमा पाएको सफलता र थप अनुभवले यस संस्करणमा खेलकुदको विधा थप्दै पुरस्कार राशीमा पनि वृद्धि गरेका छौं।' उनले भने - 'करिब दुई हजार खेलाडी विभिन्न खेलमा प्रतिष्पर्धा गर्नेछन्। यो खेलकुदको महोत्सव नै हो।' फुटबलतर्फ पुरुष विधामा विजेताले ४० हजार तथा उपविजेताले ३३ हजार ४ सय, विद्यालय स्तरीय छात्र फुटबलतर्फ विजेताले २६ हजार ७ सय, उपविजेताले २० हजार प्राप्त गर्नेछन्। यस्तै, भलिबल तर्फ पुरुष र महिला दुवैतर्फका विजेताले २६ हजार ७ सय, उपविजेताले २० हजार, विद्यालयस्तरीय युनी हक्की छात्र छात्रा दुवै तर्फ विजेताले १० हजार, उपविजेताले ६ हजार र तेस्रो हुनेले ६ हजार पाउनेछ। विद्यालयस्तरीय छात्र साइक्लिङतर्फ प्रथम हुनेले ८ हजार, दोस्रो हुनेले ६ हजार, तेस्रो हुनेले ४ हजार र सान्त्वना हुने २ जनाले २ हजार प्राप्त गर्नेछन्। सडक दौड पुरुष, महिला, छात्र र छात्रा सबै चार वटै विधातर्फ प्रथम हुनेले १० हजार, दोस्रो हुनेले ८ हजार, तेस्रो हुनेले ६ हजार र सान्त्वना हुने २ जनाले ५ हजार नगद पुरस्कार पाउनेछन्। ब्याडमिन्ट डबल महिला र पुरुषतर्फ प्रथम हुनेले ८ हजार, दोस्रो हुनेले ६ हजार, सिंगलतर्फ महिला र पुरुष दुवै विधामा प्रथम हुनेले ५ हजार र दोस्रो हुनेले ४ हजार पाउनेछ। महिला रस्साकसीमा प्रथम हुनेले १० हजार, दोस्रो हुनेले ८ हजार, तेस्रो हुनेले ६ हजार पाउनेछन्। ह्विलचेयर बास्केटबलमा विजेताले १० हजार र उपविजेताले ८ हजार तथा ह्वीलचेयर दौडमा प्रथम हुनेले ६ हजार ७ सय, दोस्रो हुनेले ५ हजार ५ सय, तेस्रो हुनेले ४ हजार र सान्त्वना २ जनाले २ हजार ७ सय पाउने आयोजकले जनाएको छ। विभिन्न विधामा सर्वोत्कृष्ट हुने खेलाडीहरुलाई पनि नगद, मेडल र प्रमाणपत्रद्वारा सम्मान गरिने खेल संयोजक भण्डारीले जानकारी दिए।

नेपाली यू १९ महिला राष्ट्रिय क्रिकेट टीमकी सदस्य सिद्ध माविमा कक्षा ११ मा अध्ययनरत रचना चौधरीलाई ३४ हजार नगद पुरस्कारसहित सम्मान, खेलाडी प्रोत्साहन अन्तर्गत खेल्छ गण्डकीमा ग्रासरूट टेनिस खेलमा वडाको अमिनतराबाट छनौट भई निरन्तर प्रशिक्षणमा रहेका १० जना खेलाडीहरूलाई प्रोत्साहन स्वरूप पौष्टिक सामाग्री वितरण गरिएको छ। हिमालयन लाईफ नेपाल र राइट फर चिल्ड्रेनको थप आर्थिक तथा प्राविधिक सहयोग पनि खेलकुद महोत्सवमा मिलेको वडाले जनाएको छ। पत्रकार सम्मेलनमा कार्यपालिका सदस्य तथा वडा सदस्य मन्दिरा गौतम, वडा सदस्य बलराम पौडेल, वडा सदस्य सेतीमाया गुरुङको उपस्थिति रहेको थियो। लकार्यक्रमको सञ्चालन वडा सचिव युवराज पौडेलले गरेका थिए।

# कास्कीमा ने.वि संघको सदस्यता वितरण अभियान शुरु

**पोखरापत्र संवाददाता**
पोखरा ११ पुस

कास्कीमा नेपाल विद्यार्थी संघको सदस्यता वितरण अभियान शुरु भएको छ।

नेपाल विद्यार्थी संघ कास्कीले विहीबारदेखि सदस्यता वितरण अभियान शुरु गरेको हो। पोखराको वन विज्ञान अध्ययन संस्थानमा आयोजित कार्यक्रम बीच नेपाली काँग्रेस कास्कीका सहसचिव एवं प्रवक्ता नवीन सिग्देलले सदस्यता वितरण अभियान शुभारम्भ गर्नुभयो।

नेपाल विद्यार्थी संघ कास्कीका पूर्व सभापति समेत रहनु भएका सहसचिव एवं प्रवक्ता सिग्देलले नेपाल विद्यार्थी संघको सदस्यताले



विद्यार्थीको सान र मान बढ्ने बताउनुभयो। निरंकुशता विरुद्ध खरो उत्रेको नेपाल विद्यार्थी संघल अब राजनैतिक विकृतिका विरुद्ध उत्रने बेला आएको उल्लेख गर्नुभयो। सदस्यता वितरण अभियानका केन्द्रीय प्रतिनिधि दिनेश शाही र विश्वनाथ मिश्रले विद्यार्थीले राजनीति बुझ्नै पर्ने विषय भएको बताउनुभयो।

नेपाल विद्यार्थी संघ कास्कीका सभापति गौरब बरालले कास्कीमा १० हजार विद्यार्थीलाई सदस्यता वितरण गर्ने लक्ष्य रहेको जानकारी दिनुभयो।

कार्यक्रममा विद्यार्थी नेताहरु सुस्मिता चौधरी, डिफान भुजेल, प्रदिप श्रेष्ठ र विश्वराज पौडेल लगायतले बोल्नुभएको थियो।

# गुरुङ सम्पदा पदमार्ग प्रवर्द्धन कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा ११ पुस

गुरुङ पर्यटन व्यवसायी सङ्घले गुरुङ सम्पदा पदमार्ग अन्तर्गत पोखराबाट सिक्लेस-कपुचे-क्होलासौंथर-कर्पुडाँडा-याङ्जाकोटहुँदै पुनः पोखरा जोडिने पदमार्ग प्रवर्द्धन कार्यक्रम सम्पन्न गरेको छ।

सङ्घको आयोजनामा यही पुस ६ गतेदेखि सुरु गरिएको उक्त कार्यक्रममा नेपाल पर्यटन बोर्ड, मादी गाउँपालिका, गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयले सहयोग रहेको कार्यक्रम संयोजक एवं सङ्घका संस्थापक अध्यक्ष बोबरजङ्ग गुरुङले जानकारी दिनुभयो।

पर्यटन व्यवसायी, पथपर्दशक, सञ्चारकर्मीसहित ४५ सदस्यीय टोलीले प्रवर्द्धन कार्यक्रम अन्तर्गत सिक्लेसबाट पदयात्रा सुरु गरी कपुचे हिमताल, कोरी, क्होलासौंथर, कर्पुडाँडा हुँदै याङ्जाकोटसम्म यात्रा गरेको उहाँले जानकारी दिनुभयो। सडक सञ्जाल विस्तारसँगै पदमार्ग हराउने र छोटिने क्रम बढिरहेको अवस्थामा गुरुङ सम्पदा पदमार्ग महत्त्वपूर्ण विकल्प बन्न सक्ने उहाँले बताउनुभयो। "पदयात्रामार्गका विभिन्न ठाउँमा पूर्वाधार व्यवस्थित गर्नुपर्ने देखिन्छ", उहाँले भन्नुभयो, "पदमार्गका ठाउँठाउँमा होटेललगायतका पूर्वाधार विकास आवश्यक छ भने सञ्चार सुविधा, खानेपानी लगायतको व्यवस्थापन अपरिहार्य छ।"

पदमार्गमा खोला, मनोरम पोखरी, ठूलाठूला खर्क, तालसँगै आकर्षक पाटनहरु भेटिन्छ। साथै अन्नपूर्ण, माछापुच्छ्रे, लमजुङ, हिमलुङ, गणेश, हिमालचुली, मनास्लुजस्ता हिमशृङ्खला नजिकैबाट अवलोकन गर्न सकिने उहाँले बताउनुभयो। प्राचीनकालमा गाईभैंसी तथा भेडा चराउने खर्क तथा गोठलाई जोड्ने मार्गलाई पदमार्गका रुपमा विकास गर्न सकिने संस्थापक अध्यक्ष गुरुङको सुझाव छ।

# कांग्रेसको एक सय दिने विशेष अभियानको समयवाधि थप

**पोखरापत्र संवाददाता**
पोखरा ११ पुस

नेपाली कांग्रेसले 'एक सय दिने विशेष अभियान'को समयवाधि थप गरेको छ। यही पुस १६ गतेसम्मका लागि निर्धारण गरिएको अभियान माघ १६ गते समापन गर्ने गरी समयावधि थप गरिएको कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो।

केही जिल्लामा प्राकृतिक प्रकोपको असर, कतिपय जिल्लामा स्थानीय तह उपनिर्वाचनका कारण अभियान थाल्न भएको ढिलाइ र अन्य विविध कारणले केही जिल्लामा अभियानका तोकिएका कार्य सम्पादन हुन नसकेको उल्लेख गर्दै समयावधि थप गरिएको हो। ती जिल्लाहरूले सहिद दिवसका दिन माघ १६ मा समापन गर्ने गरी समयावधि थप गरिएको हो। जिल्लामा तोकिएका केन्द्रीय प्रतिनिधि, प्रदेश कार्यसमिति, जिल्ला कार्यसमिति लगायतका सबै समिति र सम्बद्ध सबैलाई थप अवधिमा साङ्गठनिक रूपले गर्न/गराउन निर्धारित सबै कार्यहरू व्यवस्थित रूपले अघि बढाउन कांग्रेसले निर्देश गरेको छ। पार्टी केन्द्रीय कार्यसमितिको गत साउन २३ देखि भदौ १६ गतेसम्म बसेको बैठकको निर्णय बमोजिम साङ्गठनिक गतिविधि प्रभावकारी बनाउन गत असोज ७ गते प्रारम्भ भएको '१०० दिने विशेष अभियान' राष्ट्रिय एकता तथा मेलमिलाप दिवसको दिन यही पुस १६ गतेसम्मका लागि निर्धारण गरिएको थियो।

# पोखराबाट ...

उद्धेश्य अनुसार भई आन्तरिक उडानमा सिमित भएको बताउनु भयो। दुई बर्षसम्म आउदा पनि अन्तर्राष्ट्रिय हवाई उडान नहुदा आफुहरू निकै दुखि भएको जनाउदै उहाँले यस क्षेत्रको आर्थिक समृद्धि पर्यटन नै भएकोले यहाँको पर्यटन चलायमान बनाउन अन्तर्राष्ट्रिय हवाई उडान गर्नुपर्ने तर्क गर्नु भयो।

नाट्टा गण्डकीका अध्यक्ष किशोर दाहालले यस क्षेत्रमा ८० वटा ट्राभल्स एजेन्सि रहेकोले पोखराबाट अन्तर्राष्ट्रिय हवाई उडान गर्न अपरिहार्य रहेको बताउनु भयो। पोखरा विमानस्थल संचालनको दुई बर्षमा ८/९ वटा मात्र चार्टर्ड उडान हुनुले पोखरामा सम्भावना भएको दाबी गर्दै अब नियमित अन्तराष्ट्रिय हवाई उडान हुनुपर्ने नाट्टा गण्डकीका प्रथम उपाध्यक्ष संगिता पौडेलले माग गर्नु भयो। कार्यक्रममा पर्यटन व्यवसायी तथा पत्रकारले पोखराबाट अन्तराष्ट्रिय हवाई उडान गर्न क्यानलाई आग्रह गर्नु भएको थियो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# निजामतीमा दलका संगठन नबाऊ

प्रतिनिधि सभा अन्तरगतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा संघीय संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रमुख सचेतक तथा सचेतकसँगको छलफलमा शीर्ष दल कांग्रेस र एमाले एउटै मात्रै ट्रेड युनियन राख्न सहमत भएका छन। यो निर्णयमा अड्न सके निजामती सेवाको प्राण धान्न सक्छ । एमालेका प्रमुख सचेतक महेशकुमार बर्तौलाले कर्मचारी ट्रेड युनियनलाई व्यवस्थित बनाएर लैजानुपर्ने पक्षमा आफु र आफ्नो पार्टी रहेको धारणा राखेका छन । 'कर्मचारी ट्रेड युनियनलाई व्यवस्थित बनाएर लैजान निकै कठिन काम हो ।

युनियनको आवद्धता देखाएर कर्मचारीले नागरिकको सेवामा असर पुऱ्याउने अवस्थामा सुधार कसरी होला अहं प्रश्न हो । ' कर्मचारी ट्रेड युनियनमा आवद्ध भएकै कारण कोही सधैभरी एकै ठाउँमा रजगज गरेर बसिरहने तर, कोही एकपटक पनि त्यो ठाउँमा जान नपाउने अवस्था छ । ट्रेड युनियनको आवद्धता देखाएर नागरिकको सेवामा असर पुर्याउनु हुँदैन । ट्रेड युनियनका केही व्यक्ती र उनीहरुको गलत अभ्यासका कारणले ट्रेड युनियन गलत दिशातिर गइरहेका छन्, यसलाई व्यवस्थित बनाउनुपर्छ ।' नेपाली कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले दलगत ट्रेड युनियन खोल्न दिनै नहुने व्यवस्था निजामति सेवा विधेयकमा गर्नुपर्नेमा जोड छ ।

'निजामति कर्मचारीमा दलगत ट्रेड युनियन खोल्न दिनु नै हुँदैन । पार्टीले ट्रेड युनियनको घर बनाइदिने र त्यहाँ दलगत कर्मचारीले संगठनका कार्यालय बनाएर रजगज गरेर बसिरहेका छन् । पार्टीगट युनियन त हटाउनु नै पर्छ । अहिलेसम्म शाखा अधिकृतसम्मको कर्मचारी ट्रेड युनियनमा आवद्ध हुने व्यवस्था भए पनि अब शाखा अधिकृत भन्दा दलको कर्मचारी मात्रै बस्ने व्यवस्था रहनेगरी एउटा मात्रै ट्रेड युनियन बनाउनुपर्छ । 'कर्मचारी ट्रेड युनियन राजनीतिक दलको भातृ संगठन भएका छन् । त्यसैले कर्मचारीको हकहितमा मात्रै काम गर्ने गरी अहिले भइरहेका गतिविधलाई चिर्नेगरी भातृ संगठनभन्दा माथी उठेर एउटा मात्रै ट्रेड युनियन बनाउनुपर्छ । त्यसले कर्मचारीको हकहितमा मात्रै काम गर्नुपर्छ ।भन्ने रास्वपाको विचार पनि उचित छ ।

निजी क्षेत्रमा ट्रेड युनियन जरुरी भए पनि निजामती सेवामा ट्रेड युनियन आवश्यक नै नरहेको राप्रपाको भनाइ छ । प्रमुख प्रतिपक्षी माओवादी केन्द्रको धारणा सार्वजनिक नभए पनि दलगत ट्रेड युनियनको वकालत गर्न सक्ने अवस्था छैन । राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा छलफलमा रहेको संघीय निजामती सेवा विधेयकको दफा १३१ मा निजामती कर्मचारीको ट्रेड युनियन सम्बन्धी व्यवस्था रहेको छ । यसमा दलैपिच्छे ट्रेड युनियन बनाउन सकिनेगरी प्रस्ताव गरिएको छ । कार्यालय प्रमुख भई काम गर्नुपर्ने बाहेकका राजपत्रांकित तृतीय श्रेणी वा सोभन्दा मुनिका निजामती कर्मचारीले आफ्नो पेशागत हक हितका लागि राष्ट्रिय स्तरको निजामती कर्मचारीको ट्रेड युनियन गठन गरी सदस्यता लिन सक्ने व्यवस्था छ ।

यस्तै निजामती कर्मचारीको राष्ट्रियस्तरको ट्रेड युनियनका सदस्यले छनोट गरेका पदाधिकारी रहने गरी एक निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन गठन गर्न सकिने व्यवस्था गरिएको छ । निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनले जिल्लास्तर, विभागीयस्तर, राष्ट्रियस्तरमा आफ्नो पेसागत माग सम्बन्धित निकायमा प्रस्तुत गरी सेवा प्रवाह अवरुद्ध नहुनेगरी सामाजिक संवाद र सामुहिक सौदावाजी गर्न पाउने भनिएको छ । सुन्दा राम्रो भएर हुँदैन । कार्यान्वयनमा जाँदा जटिलता पैदा गर्ने हुँदा दलका कर्मचारी संगठनलाई कानुनी मान्यता दिनु कर्मचारीको पेशालाई कमजोर बनाउने हो।निजामती सेवालाई कमजोर बन्न नदिन दलका संगठनलाई कानुनी बैधता दिनु हुँदैन ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पशुपतिनाथ मन्दिर पोखराको अध्यक्षमा दामोदर सिग्देल

पोखरापत्र संवाददाता
पोखरा, ११ पुस



पोखरा ८ सिमलचौरमा रहेको पशुपतिनाथ मन्दिरको तेह्रौ साधारण सभा तथा पाचौ अधिवेशन सम्पन्न भएको छ ।

अधिवेशनले धार्मिक व्यक्तित्व दामोदर सिग्देलको अध्यक्षतामा एघार सदस्यीय कार्यसमिति समेत चयन गरेको छ ।समितिको उपाध्यक्षमा विसिना लम्साल, सचिवमा कृष्ण हरि सिग्देल, सह-सचिवमा देवका कुमारी पौडेल, कोषाध्यक्षमा नवराज बाँस्तोला, सदस्यहरुमा पुष्प राज सिग्देल, खेमराज पौडेल, दिपा पाठक, अप्सरा मल्ल, राधादेवी पौडेल, बालकृष्ण बराल त्यसैगरी संस्थाको सल्लाहकारमा देवीप्रसाद चालिसे, विरेन्द्र नारायण बिजुक्छे, रामचन्द्र पौडेल, सुयश श्रेष्ठ र ईश्वरी सुवेदी चयन भएको निर्वाचन समिति संयोजक डा. श्रीकान्त शर्मा खतिवडाले जानकारी दिनुभयो । मन्दिर व्यवस्थापन समितिका अध्यक्ष श्रीराम बरालको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि धार्मिक तथा समाजसेवी व्यक्तित्व युक्त प्रसाद श्रेष्ठले सनातन हिन्दु धर्म संरक्षणमा सबै सनातन धर्मावलम्बीहरू एकजुट हुनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा उपाध्यक्ष दामोदर सिग्देलले स्वागत मन्तब्य तथा सचिव गोविन्द बरालले कार्यक्रम संचालन गर्नु भएको थियो । अधिवेशनले अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा लेखासमितिको प्रतिवेदन माथि छलफल गरि पारित समेत गरिएको थियो ।

# व्यापारीले बगानबाटै उठाउँछन् देउपुरका सुन्तला

पोखरापत्र संवाददाता
पर्वत, ११ पुस



सुन्तला उत्पादनका लागि प्रख्यात पर्वतको देउपुरका कृषकलाई आजभोलि सुन्तला बिक्री गर्न भ्याइनभ्याइ छ ।

यहाँ काठमाडौं, पोखरा, नारायणगढदेखि बुटवलबाट व्यापारीहरू बगानमै सुन्तला किन्नका लागि आउने गरेका छन् । मोदी गाउँपालिका-२ देउपुरमा चार वर्षअघिसम्म सहकारीमार्फत बिक्री गर्दै आए पनि पछिल्ला वर्षहरूमा भने कृषकले आफ्नै ढङ्गले व्यापारीसँग कारोबार गर्ने गरेका छन् । पहिले माछापुच्छ्रे सुन्तला सहकारी संस्थामार्फत बिक्री गरे पनि अहिले निजी हिसाबले नै बिक्री गर्न थालेका अगुवा कृषक दाताराम चापागाईंले जानकारी दिनुभयो । सुन्तला टिप्नका लागि व्यापारीका प्रतिनिधिहरूको चहलपहल बढ्दो छ । स्थानीय शिक्षक भूमिराज शर्मा सुन्तला टिप्ने र लैजानेहरूका कारण यहाँ मेला लागे जस्तै हुने गरेको र थोक व्यापारीले बगैंचाबाट नै खरिद गरेपछि कृषकलाई पनि सहज भएको बताउनुहुन्छ । "देउपुरका धेरैजसो सुन्तला यसपटक पोखरा पुगेका छन । केही नारायणगढ, काठमाडौं र बुटवल तथा स्थानीय बजारमा बिक्री हुने गर्छन्", उहाँले भन्नुभयो । यहाँका किसानमम्धये स्थानीय ख्यामराज पौडेलले सुन्तला बिक्रीबाटै राम्रो आम्दानी गर्नुहुन्छ । उहाँले गत वर्ष रु पाँच लाखको सुन्तला बिक्री गर्नुभएको थियो । एक वर्ष बढी उत्पादन भयो भने अर्को वर्ष कम उत्पादन हुने भएकाले यसवर्ष केही कम कारोबार हुने उहाँको भनाइ छ । यहाँका अधिकांश किसानले व्यापारीलाई बगैंचा नै जिम्मा लगाउने गरेका छन् । त्यसमध्ये भोजकुमारी चापागाईं, बाबुराम तिमिल्सिनासमेत हुनुहुन्छ। दैनिकजसो ट्रकहरू आएर सुन्तला टिपेर लैजाने गरेको स्थानीय प्रकाश चापागाईंले बताउनुभयो ।

यहाँका सबै किसानको कारोबारको कुरा गर्दा गतवर्ष करिब रु पाँच करोडका सुन्तला बिक्री भएका थिए । यसपटक पनि सोही हाराहारीमा कारोबार हुने अपेक्षा गरेका छन् । व्यवसायीले बगैंचामै 'ग्रेडिङ' गरेर सुन्तला लैजान थालेको कृषक दाताराम चापागाईंले बताउनुभयो । विगत दुई दशकदेखि गरिएको व्यावसायिक सुन्तला खेतीबाट यहाँका कृषकले मनग्य आम्दानी गर्दै आएका छन् । परम्परागत रूपमा कोदो र मकै लगाउने गरेका यहाँका कृषकहरूले सुन्तलाखेती गरेपछि जीवनस्तरमा समेत परिवर्तन आएको बताउन थालेका छन् । यहाँका एक सय ६० भन्दा बढी कृषक अन्य खेती छाडेर व्यावसायिक सुन्तलाखेतीमा लागेका हुन् । गाउँमा पक्की मोटरबाटोको सुविधा पुगेपछि सुन्तला खेतीतर्फ थप आकर्षण बढ्दै गएको छ । सुरुमा कोदो मकै मात्र लगाएर बस्ने गरेको ठाउँमा सुन्तला लगाएपछि वार्षिक रूपमा प्रत्येक परिवारले रु दुई लाखदेखि पाँच लाखसम्म कमाई हुन थालेको चापागाईंले बताउनुभयो । "मकै, कोदो लगाउँदा रु २० हजार कमाई नहुने ठाउँमा सुन्तला लगाउँदा रु पाँच लाख कमाई हुन्छ," उहाँले भन्नुभयो, "अहिले देउपुरका सबै घरमा रु दुई लाखभन्दा बढी कमाउने कृषकहरू धेरै छन् ।"

सुरुमा केहीले परीक्षणका लागि सुन्तलाको बिरुवा रोपेको र राम्रो उत्पादन हुन थालेपछि गाउँभरि नै त्यसको विस्तार भएको हो । आम्दानी राम्रै छ तर जलवायु परिवर्तनको असरसँगै सुन्तलामा रोगकिराको प्रकोप बढ्ने र रूखहरू सुक्दै जान थालेपछि कृषक चिन्तित छन् । यस वर्ष पनि औँसा किराको प्रकोपले केही सुन्तला झरेर नष्ट भएका स्थानीयको गुनासो छ ।

# स्ववियु निर्वाचनको तयारी गर्दै त्रिविवि

रासस
काठमाडौं, ११ पुस

त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको तयारी थालेको छ । आगामी फागुन १५ गते हुने स्ववियु निर्वाचनका लागि त्रिविले तयारीलाई तीव्र पारेको छ । विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले स्ववियु निर्वाचन गराउने प्रक्रिया अगाडि बढाएको जानकारी दिनुभयो ।

उहाँले विद्यार्थी कल्याण परिषद्को बैठक राखेर स्ववियु निर्वाचनलाई तोकिएकै मितिमा सम्पन्न गर्ने छलफल गरिएको बताउनुभयो । त्रिविले शैक्षिक क्यालेण्डरमा नै स्ववियु निर्वाचनको मिति तोकेको छ । निर्देशक अधिकारीले चाँडै नै विद्यार्थी सङ्गठनसँग छलफल गरी निर्वाचनको कामलाई अगाडि बढाउने बताउनुभयो । अनेरास्ववियुका अध्यक्ष समिक वडालले स्ववियु निर्वाचनको तयारी आफ्नो सङ्गठनले गरिरहेको बताउनुभयो । उहाँले स्ववियु निर्वाचनका लागि घोषणापत्र तयार पार्नका लागि उपाध्यक्ष गोविन्द गिरीको संयोजकत्वमा स्ववियु घोषणापत्र तयारी कमिटी गठन गरिएको छ । अध्यक्ष वडालले स्ववियु निर्वाचन लागि सङ्गठनले यही पुस २५ र २६ गते अनेरास्ववियुका जिल्ला अध्यक्ष भेला र आगामी माघ ६ देखि ८ गतेसम्म केन्द्रीय कमिटी बैठक बोलाएको बताउनुभयो ।

यस्तै नेपाल विद्यार्थी सङ्घका प्रवक्ता सुरज सेजुवालले निर्वाचन हुने सबै क्याम्पसमा प्रतिनिधि खटाइसकेको जानकारी दिनुभयो । उहाँले सबै क्याम्पसमा सङ्गठन विस्तारका साथै स्ववियु निर्वाचन केन्द्रित कार्यक्रम सुरु गरिएको बताउनुभयो । अनेरास्ववियु (क्रान्तिकारी)का अध्यक्ष पञ्चा सिंहले क्याम्पस कमिटीलाई स्ववियु निर्वाचन तयारीमा जुट्न निर्देशन दिइसकेको बताउनुभयो । "हामी अहिले महाधिवेशनमा रहेकाले पर्याप्त तयारी गर्न पाएका छैनौं । महाधिवेशनसकिएलगत्तैनयाँनेतृत्वको एकसूत्रीय माग स्ववियु निर्वाचन नै हो", उहाँले भन्नुभयो, "स्ववियु निर्वाचन समयमा नै हुन्छ । त्यसको तयारीमा हामी छौं ।"

# मातृशिशु मृत्युदर शून्य

पोखरापत्र संवाददाता
बागलुङ, ११ मंसिर

निसीखोला र तमानखोला गाउँपालिका जिल्लाकै विकट स्थानीय तह मानिन्छन् । यी दुवै पालिकामा पछिल्लो समय मातृशिशु मृत्युदर शून्यमा झरेको छ ।

स्थानीय सरकारले स्वास्थ्यलाई प्राथमिकतामा राखेर काम गरेपछि दुई वर्षदेखि मातृशिशु मृत्युदर शून्यमा झरेको हो । गाउँका स्वास्थ्य संस्थामा बर्थिङ सेन्टर स्थापना र सेवा प्रभावकारी बनेपछि मातृशिशु मृत्युदर शून्यमा झरेको निसीखोला गाउँपालिकाकी स्वास्थ्य शाखा प्रमुख जुनी घर्ती मगरले बताउनुभयो । सामान्य रोगको उपचार गर्न घण्टौं धाउनुपर्ने यी पालिकाका नागरिकले हाल एक घण्टामै स्वास्थ्य सेवा लिन पाएको उहाँको भनाइ छ । नियमित गर्भ परीक्षणदेखि गाउँ-गाउँमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दा निसीखोलामा आमा र बच्चाको मृत्यु हुन छोडेको उहाँ बताउनुहुन्छ ।

आर्थिक वर्ष २०७९/८० मा दुई जना आमा र शिशुको मृत्यु भएको थियो । पालिकाले नियमित गर्भ जाँच गर्न स्वास्थ्य संस्था आउनेलाई यातायात खर्च दिने गरेको घर्तीको भनाइ छ । उहाँले भन्नुभयो, "पहिले यस क्षेत्रमा जनचेतनाको कमी थियो, एकै जनाले धेरै बच्चा जन्माउने प्रचलन थियो, तर अहिले कम भएको छ ।" निसीखोलामा पहिले चार वटा स्वास्थ्य चौकी रहेकामा हाल तीन आधारभूत स्वास्थ्य इकाइ र तीन सामुदायिक स्वास्थ्य इकाइ थपिएका छन् । वर्थिङ सेन्टर प्रत्येक वडामा स्थापना गरिएको छ । गाउँपालिकाले स्वास्थ्यचौकी आउने गर्भवतीलाई दूरीका हिसाबले एकहजार पाँच सयदेखि दुई हजार पाँच सयसम्म भत्ताको व्यवस्था गरेको घर्तीले जानकारी दिनुभयो ।

तमानखोला गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख तिलबहादुर छन्त्यालले बर्थिङ सेन्टरको सङ्ख्या वृद्धि गरेर सेवा दिन थालेसँगै महिला सचेत भएको र मातृशिशु मृत्युदर शून्य भएको बताउनुभयो । पहिले धामीझाँक्रीमा विश्वास गर्ने र स्वास्थ्य संस्था टाढा हुँदा धेरै आमा र बच्चाले ज्यान गुमाउनु परेको उहाँको भनाइ छ ।

तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढाले स्वास्थ्य क्षेत्रमा धेरै सुधार गरेको बताउनुभयो । पहिले तीन वटा स्वास्थ्यचौकी मात्रै रहेको तमानखोलामा हाल वडा नं- ६ को नर्जाखानी, नं ४ को लाम्मेला र वडा नं २ को बोङ्खानीमा सामुदायिक स्वास्थ्य इकाइ तथा वडा नं १ को सम्मर, वडा नं २ को सिल्गुम र वडा नं ५ को थास्पुरीमा प्राथमिक स्वास्थ्य परामर्श केन्द्र सञ्चालन गरेको उहाँले जानकारी दिनुभयो ।

# चितवन हात्ती महोत्सव सुरु



रासस
चितवन, ११ मंसिर

चितवनको पर्यटकीय क्षेत्र सौराहामा आजदेखि १८औँ चितवन हात्ती तथा पर्यटन महोत्सव सुरु भएको छ । क्षेत्रीय होटेल सङ्घ नेपाल चितवनको आयोजनामा सुरु भएको महोत्सवको उपप्रधान तथा सहरी विकास मन्त्री प्रकाशमान सिंहले उद्घाटन गर्नुभयो । सो अवसरमा मन्त्री सिंहले महोत्सवलाई वन्यजन्तुमैत्री बनाउँदै पर्यटन प्रवर्द्धन बनाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले नेपालको सफारी पर्यटनलाई धानेको सौराहामा गरिएको हात्ती महोत्सवको विरोध गर्नुको कुनै तुक नरहेको बताउनुभयो । महोत्सव उद्घाटन अघि बृहत् झाँकीसहितको र्‍याली निकालिएको थियो । चितवन राष्ट्रिय निकुञ्ज प्रवेशद्वार टिकट काउन्टरदेखि सुरु भएको शोभा यात्रा महोत्सवस्थल बाघमारा चौर पुगेर समापन भएको थियो । झाँकीमा विभिन्न जातजातिका भेषभूषामा सजिएका महिलाको उपस्थिति थियो भने शोभा यात्रामा हात्ती समावेश थियो । महोत्सवको पहिलो दिन आज मैत्रीपूर्ण हात्तीको फुटबल पेनाल्टी सुट आउट खेलाइएको थियो । पुस १५ गतेसम्म चल्ने महोत्सवमा हात्ती शृङ्गार प्रतियोगिता, हात्ती वनभोज, हात्तीमैत्री फुटबल पेनाल्टी सुट आउट प्रतियोगिता, हात्तीमैत्री म्युजिकल वाक, हात्तीको स्वास्थ्य परीक्षण शिविर, पालिका स्तरीय डुङ्गा दौड प्रतियोगिता, 'चितवनमा पर्यटनको सम्भावना हिजो र आज' विषयक अन्तरक्रिया, स्थानीय भेषभुषा तथा कला संस्कृति सहित झाँकी प्रदर्शन, महिला उद्यमी तथा स्थानीय कृषि उत्पादनको प्रवर्द्धन र राष्ट्रिय तथा स्थानीय कलाकारको संस्कृति प्रस्तुति रहने महोत्सव संयोजक रामकुमार अर्यालले जानकारी दिनुभयो । व्यवसायीले महोत्सव अवधिमा सौराहा घुम्न आउने पर्यटकहरूलाई पुस १० देखि १६ गतेसम्म होटेल तथा रेस्टुरेन्टमा खाना तथा आवासमा १० प्रतिशत छुट घोषणा गरेका छन् ।


# मोटर पार्टसको पसल त्रिक्रीमा

**पोखरा-९ नयाँबजार स्थित सानो गाडीहरुको स्पेयर पार्टस पसल बिक्रीमा**

**सम्पर्क नम्बरः**

**९८६०५३२७९०**

**९८६०५३२७९०, ९८४६०३०४०७**

# लेखनाथ महोत्सव अर्न्तगत चित्रकला प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ११ पुस




लेखनाथ उद्योग वाणिज्य संघले यहि पुष १८ गते देखि माघ १ गते सम्म आयोजना गर्ने २०औ संस्करणको लेखनाथ महोत्सव अर्न्तगत विहिबार विद्यालय स्तरीय चित्रकला प्रतियोगिता सम्पन्न भएको छ।

प्रतियोगितामा डायमण्ड मा.वि. की मनिका शाहि प्रथम, रिलायन्स पब्लीक स्कुलकी मनिसा गुरुङ द्धित्तीय, सिर्जना बहिरा माविका सनम गुरुङ तृतिय र विश्वशान्ति माविका सुर्जल गुरुङ सान्त्वना भएका छन । विजयी प्रथम, द्धितीय, तृतिय र सान्त्वना हुनेले क्रमशः नगद ७ हजार, ५ हजार, ४ हजार र ३ हजार प्रदान गरिनेछ भने सहभागी सबैलाई प्रमाणपत्र प्रदान गरिनेछ। पुरस्कार वितरण महोत्सवको मञ्चबाट प्रदान गरिने विद्यालयस्तरीय कार्यक्रम उप-समितिका संयोजक एल पि ढुंगानाले जानकारी दिए। लेखनाथ उद्योग वाणिज्य संघको सभाहलमा आयोजित प्रतियोगितामा १२ वटा विद्यालयका २७ जना छात्र छात्राहरुको सहभागीता रहेको थियो । प्रतियोगिहरुलाई पोखराको कृषि र पर्यटनसँग सम्बन्धीत चित्र कोर्न भनिएको थियो । निर्णायकको भुमिकामा सृजनशिल कलाकार समुहका अध्यक्ष डिबि गुरुङ,मिलन शेरचन र झविन्द्र गुरुङ रहेका थिए।

"प्रतियोगितामा विद्यार्थीहरुले कोरेका चित्रहरुलाई महोत्सवमा प्रर्दशनी एवं बिक्रिको लागी समेत राखिनेछ जसबाट विद्यार्थीहरुले अतिरिक्त आयआर्जन समेत गर्न सक्नेछन''-संयोजक ढुंगानाले वताए।महोत्सवमा विद्यार्थी लक्षीत शैक्षिक प्रर्दशनी, विज्ञान प्रर्दशनी, विद्यालयस्तरीय नृत्य प्रतियोगिता लगायतका कार्यक्रमहरु पनि हुनेछन भने विद्यार्थीहरुलाई महोत्सव अवलोकनको लागी विद्यार्थी परिचयपत्रको आधारमा टिकटमा छुटको समेत व्यवस्था गरिएको छ । यस अघि प्रतियोगिताको उद्घाटन गर्दै लेखनाथ साहित्य प्रतिष्ठानका अध्यक्ष एवं पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पद्मराज ढकालले पोखरा आँफैमा प्रकृतिको सुन्दर सृजना भएको बताउँदै चित्रकला प्रतियोगिताले विद्यार्थी भाई बहिनीहरुमा पनि सृजनात्मक क्षमताको विकास गराउने वताएका थिए।

उक्त अवसरमा लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष विनोद श्रेष्ठले महोत्सवको बारेमा जानकारी गराउँदै चित्रकला सँगसँगै महोत्सवमा विद्यार्थी लक्षीत शैक्षिक प्रर्दशनी, विज्ञान प्रर्दशनी, नृत्य प्रस्तुतहिरु पनि रहेको वताएका थिए।

विद्यालयस्तरीय कार्यक्रम उप-समितिका संयोजक एल पि ढुंगानाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संघकी महासचिव जानुका पराजुलीले गरेकी थिईन धने धन्यवाद ज्ञापन वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझाले गरेका थिए।

# शुक्रबार साँझदेखि अधिकांश स्थानमा हिमपात र वर्षा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ११ पुस

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले शुक्रबार साँझदेखि मुलुकका धेरै स्थानमा हिमपात र वर्षा हुनसक्ने जनाएको छ।

विभागले बिहीबार साँझ हिँउदे मौसमसम्बन्धी विशेष बुलेटिन जारी गर्दै पश्चिमी न्यून चापीय प्रणालीका कारण शुक्रबार साँझदेखि मुलुकका धेरै स्थानमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको जनाएको हो । विभागले उक्त प्रणालीका कारण शुक्रबार अपरान्हदेखि शनिबारसम्म सुदूरपश्चिम र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका अधिकांश स्थान तथा गण्डकी, बागमती र कोशी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेको जनाएको छ । साथै सुदूरपश्चिम र कर्णाली प्रदेशका धेरै स्थान र लुम्बिनी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम तथा गण्डकी, बागमती, मधेस र कोशी प्रदेशका थोरै स्थानमा हल्का वर्षाको सम्भावना रहेको विभागको भनाइ छ । मौसम प्रणालीको असरका कारण तापक्रम घट्न गई चिसो बढ्नसक्ने समेत सम्भावना रहेको विभागले जनाएको छ । "वर्षा, हिमपात तथा चिसोका कारण दैनिक जनजीवन, स्वास्थ्य, पर्वतारोहण, हवाई यातायातलगायत दैनिक जनजीवनमा समेत असर पर्नसक्ने देखिएकोले आवश्यक सतर्कता तथा पूर्व तयारी अपनाउन महाशाखाले सबैमा अनुरोध गरेको छ", विभागले जारी गरेको बुलेटिनमा उल्लेख छ।

# बन्दीपुर भ्रमण वर्षमा दुई लाख पर्यटक भित्र्याउने लक्ष्य

**पोखरापत्र संवाददाता**
पोखरा, ११ पुस




बन्दीपुर भ्रमण वर्ष २०२५ मा दुई लाख पर्यटक ल्याउने लक्ष्य लिइएको छ । हाल वार्षिक एक लाख पर्यटक आगमन भइरहेकामा त्यसलाई दोब्बर बनाउने लक्ष्यका साथ काम भइरहेको भ्रमण वर्षका संयोजक एवं पर्यटन व्यवसायी वैश गुरुङले बताउनुभयो।

भ्रमण वर्षका अवसरमा आसपासका पालिकाका गन्तव्य समेटेर नया' पदमार्ग विकास गरिने गुरुङको भनाइ छ। भ्रमण वर्षका अवसरमा विभिन्न मितिमा २४ वटा सांस्कृतिक कार्यक्रम, साहित्यिक सम्मेलन, साहसिक पर्यटकीय गतिविधि सञ्चालन गरिनेछ । गुरुङले बन्दीपुर बजारको मूर्त एवं अमूर्त सांस्कृतिक सम्पदाहरुको अध्ययन, अनुसन्धान गरी तिनीहरुको आधिकारिक पहिचान, उचित संरक्षण र व्यवस्थापन गरी स्थानीय समुदायदेखि अन्तर्राष्ट्रिय स्तरसम्म एकापसमा सम्मान, सद्भाव र भाइचाराको अभिवृद्धि गर्ने बन्दीपुर भ्रमण वर्षको उद्देश्य रहेको उहाँले बताउनुभयो।

बन्दीपुर भ्रमण वर्षका क्रममा पूर्वाधार विकास, तथ्याङ्क सङ्कलन, दक्ष जनशक्ति उत्पादन, पर्यटन व्यवसायीको स्तर मापन कार्यक्रम गरिने उहाँले उल्लेख गर्नुभयो । "खर्चालु पर्यटकलाई कसरी लामो समयसम्म टिकाउन सकिन्छ भन्नेतर्फ हामी सचेत छौं, सोही अनुसार योजना पनि बनाएका छौं", उहाँले भन्नुभयो।

भ्रमण वर्षको अवसरमा नेपालका छ वटा याम अनुसारको प्याकेज निर्माण एवं प्रबर्द्धन गर्ने, भारतीय र चिनियाँ पर्यटक अनुकुल प्याकेजमा ध्यान दिने, हाल मुलुकमा बाह्य पर्यटक आगमन सङ्ख्या वृद्धि भएपनि बसाइ अवधि र खर्च घटेको कारण उक्त कुरालाई ध्यानमा राखी प्याकेज तयार गरिने उहाँले बताउनुभयो । बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले पालिकाभित्रका सबै वडामा रहेका पर्यटकीय गन्तव्यलाई प्रचारप्रसार गरिने बताउनुभयो। बन्दीपुर बजारमात्रै नभई गाउँ गाउँमा रहेका गन्तव्य परिचित गराउने र त्यस ठाउँमा पर्यटक पुर्‍याउने लक्ष्य लिइएको उहाँको भनाइ थियो । उहाँले बन्दीपुर-छिम्केश्वरी-मनकामना-गोरखा मन्दिर-लिगलिगकोट-भानु जन्मस्थल हुँदै पुनः बन्दीपुर आउने दुई दिनको प्याकेज बनाइएको समेत जानकारी दिनुभयो। भ्रमण वर्ष सफल पार्न देशका मुख्य शहर काठमाडौ, पोखरा, चितवन, लुम्बिनी लगायत पुगेर बन्दीपुरको प्रचारप्रसार गरिने छ। पर्यटनलाई आम्दानीको मुख्य स्रोत मानेर धेरै भन्दा धेरै पर्यटक भित्र्याउन विभिन्न कार्यक्रम गरिने थापाको भनाइ छ । उहाँले भन्नुभयो, "विशेष संरक्षित क्षेत्र तथा पौराणिक सहरका रुपमा रहेको बन्दीपुर बजारलाई थप आकर्षक बनाउन पौराणिकता झल्किने खालका कार्यक्रम सञ्चालन हुनेछ ।" गण्डकी प्रदेशको पोखरापछिको प्रमुख पर्यटकीय गन्तव्य बन्दीपुरका छ वटै वडाका पर्यटकीय स्थलको दिगो विकासका लागि पर्यटकीय केन्द्र बनाउने सोच राखिएको थापाको भनाइ छ । उहाँले भन्नुभयो, "यहाँ प्याराग्लाडिङ, जिपलाइन जस्ता सहासिक खेलहरुको सम्भाव्यता अध्ययन गरिनेछ।"

खड्गदेवी मन्दिर, थानीमाई मन्दिर, महालक्ष्मी मन्दिर, सिद्धगुफा मणि मुकुन्दसेन पैदलयात्रा (मिनी ग्रेटवाल), तीनधारा, झरना र पानीको फोहरा, टुँडिखेल, मणिमुकुन्द सेन दरबार, पदम पुस्तकालयलाई गाउँपालिकाले प्रमुख गन्तव्यमा सूचीकृत गरेको छ । भक्तपुरे शैलीमा निर्माण गरिएको घरहरु, टुँडिखेल, थानीमाई, तीनधारा, रानीबन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायतका स्थलहरु यहाँ आउने पर्यटकहरुको आकर्षणको केन्द्रबिन्दु बन्ने गरेको छ।

सदरमुकाम दमौलीदेखि १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ । जहाँबाट मनोरम हिमशृङ्खला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ । प्राकृतिक सुन्दरता बोकेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरी लगायतका हिमशृङ्खला देख्न सकिन्छ।


## विमालेख हरायो

यहि मिति २०८१/०८/१५ गते स्याङजाबाट पोखरा जाने क्रममा साविक सानिमा लाइफ इन्स्योरेन्समा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नामः आदित्य के.सी.**
**विमालेख नं. ४०१००००८९७**
**सम्पर्क नं.**
**९८५११०५६८५, ०६१५५३६५२**



## धितो रहेको जग्गा लिलाम बढाबढ गर्ने सम्बन्धी ३५ दिने सूचना

**पहिलो पटक प्रकाशित मिति २०८१/०९/१२ (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस फेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, व्याज एवम् अन्य दै-दस्तुर रकम समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको शर्त सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि आफुले तिर्नु बुझाउनु पर्ने रकम नबुझाई बसेको साथै यस भन्दा अगाडि पहिलो पटक मिति २०८१/०७/०६ मा ऋण चुक्ता गर्न आउने बारे ३५ (पैत्तिस) दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिक, दोस्रो पटक मिति २०८१/०८/११ मा ऋण चुक्ता गर्न आउने बारे १५ (पन्ध्र) दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिक र तेस्रो पटक मिति २०८१/०८/२७ मा ऋण चुक्ता गर्न आउने बारे ७ दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिकबाट सूचना प्रकाशित गरी सम्पूर्ण ऋणको सावाँ, ब्याज र अन्य दै-दस्तुर चुक्ता गर्न अनुरोध गर्दा समेत आजका मितिसम्म उक्त ऋण चुक्ता नगरी बस्नु भएको हुँदा ऋणी सदस्य तथा धनजमानतले ऋण लिदाँ गरेको सम्झौता बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हालसम्मको साँवा ब्याज समेतको रकम दाखिला गर्नुहोला अन्यथा सूचना प्रकाशित भएको ३६औं दिन धितो जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिलाम बिक्री गर्न लागिएको हुँदा लिलाम बढाबढ गरी लिन ईच्छुक महानुभवहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत दिनुहुने ऋणी तथा व्यक्तिगत जमानत समेतलाई सुरक्षणमा रहेको धितो लिलाम बिक्री गरिने बारेको जानकारी यसै सूचनाद्धारा गराइन्छ। धितो लेखिदिएको सम्पति लिलाम बिक्री गर्दा यस संस्थाबाट गरिएको मुल्याङ्कन रकम भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई संस्थाले कम मूल्यमा लिलाम बिक्री गर्‍यो भनी कही कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै सुरक्षणमा रहेको सम्पति लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम २०७२, ऋण नीति २०७९ तथा प्रचलित कानुन बमोजिम ऋणी स्वयम् र व्यक्तिगत धन जमानत कर्ताहरुको एवम् निजहरुको एकाघरको समेतको नाममा रहेको अन्य चल अचल सम्पतिहरुबाट धितोले नखामेको वक्यौता ऋण रकम असुलउपर गरिने छ। उल्लेखित मितिमा बोलपत्र एवम् लिलाम बढाबढ हुन नसकेमा संस्था आफैले पनि उक्त धितो सकार गिरलिन सकिनेछ।

**तपसिल**

| ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानीको फोटो | धनजमानीको विवरण |
|---|---|---|---|
|  | सदस्यता न : १६०४<br>१. नाम : अनिता बि.क.<br>जन्म मिति : २०५३।०३।११<br>ना.प्र.नं. : ४६०१७०१०५६७<br>जारी मितिः : २०७०।१२।२३<br>बाबुको नाम : जुल्फे सुनार<br>पतिको नाम : सुनिल बि.क.<br>बाजे/ससुरा : शिबलाल<br>ठेगाना : ढिकुरपोखरी ०१ कास्की<br>हाल : अन्नपुर्ण १ कास्की<br>सम्पर्क नं : ९८१६१८६०४३<br>**धितो विवरण** : अनिता बि.क. को नाममा मालपोत कार्यलय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको तनहुँ स्याम्घा वडा न. ०७ कित्ता न. १०२ क्षेत्रफल १-३-०-३ रोपनी | | १. नाम : मधुमाया सुनार<br>जन्म मिति : २०२७।०५।१३<br>ना.प्र.नं. : ४६१०४५।३४४<br>जारी मितिः : २०६५।१२।२५<br>बाबुको नाम : चन्द्र बहादुर बि.क.<br>पतिको नाम : जुल्फे सुनार<br>बाजे/ससुरा : नन्दे सुनार<br>ठेगाना : ढिकुरपोखरी ०५ कास्की<br>हाल : अन्नपुर्ण ०३ कास्की<br>सम्पर्क नं : ९८१९१११७९१ |

**लिलाम बिक्री तथा बोलपत्र सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी रकम कबोल गर्ने वा बोलपत्रमा आफूले लेखेको वा बोलेको अंकको १० प्रतिशतले हुने रकम सोही दिन कार्यालय समयमा वा निर्णय हुँदा कार्यालय समय समाप्त भएमा सो दिनको भोलिपल्ट यस संस्थामा बुझाउनु पर्ने छ।
२. लिलाम सकार गर्ने ब्यक्तिले सहकारी संस्थाबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिनभित्र बाँकी रकम बुझाई अचल सम्पति बुझि लिनु पर्ने छ। नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत भई संस्थाको आम्दानी हिसाबमा बाधिने छ।
३. उल्लेखित सम्पती लिइसकेपछि सो को सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुने छ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन।
४. लिलाम सकार गर्ने ब्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोहि दिन वा सो को भोलीपल्ट नबुझाएमा निज पछि सबै भन्दा बढि रकम बोल्ने ब्यक्तिको नाममा लिलाम सदर गरिनेछ।
५. तोकिएको दिन बिदा परेमा सोको भोलिपल्ट लिलाम बढाबढ गर्ने काम हुनेछ।
६. लिलाम बढाबढ गर्दा सबै भन्दा बढि अंक बोल्ने ब्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने लिलाम गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
७. लिलाम बिक्री हुने सम्पत्तिको सम्बन्धित कागजपत्रहरु हेर्न चाहनु हुने महानुभाबहरुले यस संस्थाको प्रधान कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ। उक्त सम्पत्ती जहाँ जे जस्तो अवस्थामा र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नु पर्ने छ।
८. सूचना प्रकाशित भएको मितिले ३६ औं दिन संस्थाको प्रधान कार्यलयमा दिनको ठिक ३ बजे लिलाम बढाबढ हुनेछ।
९. धितो लिलाम सकार गर्न संस्थाबाट रु १०००/ तिरी लिलाम फारम रित पूर्वक भरि संस्थामा बुझाउनु पर्ने छ।
१०. उक्त लिलाममा राखेको सम्पतीको स्वामित्व हस्तान्त्रण गर्दा लाग्ने नेपालसरकारको दस्तुर रजिष्ट्रेसन दस्तुर सम्पती कर स्थानीय कर र धारा विजुलीको शुल्क (बाँकी वक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्ने छ।
११. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वंमले ब्यर्होनु पर्नेछ।
१२. सहकारी ऐन, संस्थको विनियम तथा ऋण लगानी तथा असुली नीति अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी यस संस्थाले उक्त सम्पतिको स्वामित्व आफूले लिन सक्नेछ।
१३. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पूर्ण ऋण असुल उपर नभएमा ऋणी तथा धन जमानीको नाममा रहेको अन्य चल अचल सम्पति घर घरानाबाट समेत असुल उपर गरिनेछ साथै निजको एकाघरको नाममा रहेको चल अचल सम्पति रोक्का राखी सोबाट समेत असुल उपर गरिनेछ।
१४. अन्य सर्तहरु बोलपत्र वा लिलाम बढाबढ फारममा उल्लेख गरे बमोजिम हुनेछ साथै अन्य बिषयहरुमा सहकारी ऐन २०७४ अनुसार बनेका नियमावली, संस्थाको विनियमको अधिनमा रही सञ्चालक समितिको निर्णय अनुसार हुनेछ।
१५. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी रकम फिर्ता दिइने छ। धरौटी रहेको रकम फिर्ता गर्नुपर्दा ब्याज प्रदान गरीने छैन।

## फेवा बचत तथा ऋण सहकारी संस्था लि.
**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**
**फोनः ०६१-५७३३७५, ५७२२३६**